# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चिङ्गगाड गाउँपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चिङ्गगाड गाउँपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## चिङ्गगाड गाउँपालिका

## सुर्खेत

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १०२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष
चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,।

## कैफियत सहितको राय

हामीले चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड २७ लाख ६१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १८ लाख १ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १९ लाख २ हजार, नियमित गर्नुपर्ने रु १ करोड ७४ लाख ७३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ८२ लाख ४६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ९ करोड १० लाख ७ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

....................

नायब महालेखापरीक्षक

चिङ्गाड गाउँपालिका सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | |
| ५३ | २८ | २२७६१ | ० | ० | ०० | ५३ | २८ | २२७६१ | १८०१ | १७४७३ | १९०२ | ० | ० | १९३७५ | १५८५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चिङ्गाड गाउँपालिका सुर्खेत | ६८२६४ | ० | ० | ६८२६४ | ० | २२७६१ | ९१००७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चिङ्गाड गाउँपालिका, सुर्खेत , चिनगढ गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जनक बहादुर हमाल | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कैलाश गौतम | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२,७६१,८७७.६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,००,३५,५५० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,००,८७,००० | **चालु खर्च** | २३,५६,९४,१२७.१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५६,१८,५९८ | **पूँजीगत खर्च** | १०,०५,०६,८५२ |
| **राजश्व बाँडफाँट** | ७,२८,९१,९१४.४ | **वित्तीय/अन्य व्यवस्था** | ९,०१,७६,६७७ |
| **आन्तरिक आय** | १७,६७,८९०.५५ | | |
| **अन्य आय** | ६,०३,१२,६३०.०५ | | |
| **कुल आय** | ४४,०६,७८,०३३ | **कुल खर्च** | ४२,६३,७७,६५६.१ |
| **बाँकी मौज्दात** | | ४,४३,३५,९२६.९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चिङ्गाड गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु चिङ्गाड गाउँपालिकाको उद्देश्य रहेको छ । यस चिङ्गाड गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १७०.१९वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।८।१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षकोजिम्मेवारी** | | **३००३५५५०** | १ | **चालु खर्च** | | २३५६९४१२७।१ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | **१००५०६८५२** |
| | ख) बैंक | ३००३५५५० | ० | | | | **०** |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७४६५९८०४।९५ | | | | |
| | क) आन्तरिक राजस्व | १७६७८९०।५५ | ० | ३ | **अनुदान फिर्ता** | | **३२५८०९६८** |
| | ख) राजस्व बाँडफाँड | ७२८९१९१४।४ | ० | | शसर्त अनुदान | ३११३७९२९ | **०** |
| | ग) अन्य आय | ० | ० | | शसर्त अनुदान प्रदेश सरकार | ३९२१५० | **०** |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | **वित्तिय हस्तान्तरण संघ** | | **२८००८७०००** | | विशेष अनुदान प्रदेश सरकार | ८५१५४२ | ० | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ८४९००००० | ० | | समपुरक अनुदान प्रदेश सरकार | १९९३४७ | ० | |
| | | | | ख)सशर्त अनुदान | १८७६८७००० | ० | | | | ० | |
| | | | | ग) समपूरक अनुदान | ० | ० | | | | ० | |
| | | | | घ)विशेष अनुदान | ७५००००० | ० | | | | ० | |
| | | | ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२५६१८५९८** | | | | ० | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ८५४४००० | ० | | | | ० | |
| | | | | ख) सशर्त अनुदान | ८६५०९६४ | ० | | | | ० | |
| | | | | ग) समपुरक अनुदान | ४७७६७९५ | ० | | | | ० | |
| | | | | घ) राजस्व बाँडफाँड | १४६८३९ | ० | | | | ० | |
| | | | | घ) विशेष अनुदान | ३५००००० | ० | | | | ० | |
| | | | ५ | **अन्तर सरकारीअख्तियारी (प्रदेश)** | | **६८७३७२५** | ४ | **अन्तर सरकारी अख्तियारी खर्च प्रदेश** | | ० | |
| | | | | क) मुख्यमंत्री रोजगारकर्मचारी प्रोत्साहन | १०५००० | ० | | क) मुख्यमंत्री रोजगारकर्मचारी प्रोत्साहन | १०५००० | **६८७३७२५** | |
| | | | | ख) मुख्य मन्त्रिरोजगार कार्यक्रम | ५४५२६८३ | ० | | ख) मुख्य मन्त्रिरोजगार कार्यक्रम | ५४५२६८३ | ० | |
| | | | | ग) सामुदायिकस्वास्थ्य इकाइ संचालन सा.वि.म | ० | ० | | ग) सामुदायिक स्वास्थ्य इकाइ संचालन सा.वि.म | ० | ० | |
| | | | | घ) सामाजिक विकासमंत्रालय पूजिगत सुधार खर्च | ६०६०४२ | ० | | घ) सामाजिक विकासमंत्रालय पूजिगत सुधार खर्च | ६०६०४२ | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ङ) सामाजिक विकासमंत्रालय राहत तथा पुर्नस्थापना खर्च | ० | ० | | ङ) सामाजिक विकासमंत्रालय राहत तथा पुर्नस्थापना खर्च | ० | **०** | |
| | | | | च) दुधमा प्रोत्साहन अनुदान | २१०००० | ० | | च) दुधमा प्रोत्साहनअनुदान | २१०००० | **०** | |
| | | | | छ) बहुक्षेत्रीय पोषण कार्यक्रम | ५००००० | ० | | छ) बहुक्षेत्रीय पोषणकार्यक्रम | ५००००० | **०** | |
| | | | ६ | **अन्तर सरकारीअख्तियारी (संघ अन्तगत)** | | **५०७२१९८४** | ५ | **अन्तर सरकारीअख्तियारी खर्च प्रदेश संघ** | | **०** | |
| | | | | क)सामाजिक सुरक्षा तथा संरक्षण | ५०७२१९८४ | ० | | क)सामाजिक सुरक्षा तथासंरक्षण | ५०७२१९८४ | **५०७२१९८४** | |
| | | | **७** | **मर्मत सम्भार कोष** | | ७७९८८८ | | | | **०** | |
| | | | **८** | **धरौटी आय** | | १९३७०३३ | | | | **०** | |
| | | | | | | ० | ६ | **बैंक मौज्दात** | | ४४३३५९२६।९ | |
| | | | | | | ० | | क) सञ्चित कोष | ४१६१९००५।९ | **०** | |
| | | | | | | ० | | ख) चालु खर्च खाता | ० | **०** | |
| | | | | | | ० | | ग)पूजिगत खर्च खाता | ० | **०** | |
| | | | | | | ० | | घ) कार्य सञ्चालन कोषखाता | ० | **०** | |
| | | | | | | ० | | ङ) धरौटि | १९३७०३३ | **०** | |
| | | | | | | ० | | च) मर्मत सम्भार कोष | ७७९८८८ | **०** | |
| | | | | **जम्मा** | | ४७०७१३५८३ | | **जम्मा** | | ४७०७१३५८३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा पालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. -४५५८०३।०० ले फरक देखिएको छ ।<br><br>तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २४५७४०७५।२२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३००३५५५०।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५४६१४७४.७८ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गरी बैक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता बिजोर वर्ष | ३५०८१२२७ | ३५५३७०३० | ४५५८०३ |
| २ | पुजीगत खर्च खाताबिजोर वर्ष | १४४७५६२९ | १४४७५६२९ | 0 |
| ३ | विविध खर्चखाता | १९७४९२२ | १९७४९२२ | 0 |
| ४ | स्थानीय तह धरौटीखाता | १९३७०३३ | १९३७०३३ | 0 |
| ५ | स्थानीय तह संचितकोषखाता | ३१८०२४७० | ३१८०२४७० | 0 |
| जम्मा | | ८५२७१२८१ | ८५७२७०८४ | ४५५८०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४४ जनाको दरबन्दी रहेकोमा १९ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.१,४८,९७,०००।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।<br><br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मनमाया आचार्यले मिति २०७८।०३।१० गते रु.३६ करोड ४६ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १ करोड २९ लाख ४८ हजार ५ सय भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । (रु हजारमा)
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्च</td><td>१००५०६</td><td>११२३१</td><td>२९९०२</td><td>५९३७२</td><td>२४१९५</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>११.१८</td><td>२९.७५</td><td>५९.०७</td><td>२४.०७</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१० करोड ५ लाख ६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड १२ लाख ३१ हजार अर्थात ११.१८ प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ९९ लाख २ हजार, अर्थात २९.७५ प्रतिशत तेश्रो चौमासिकमा रु.५ करोड ९३ लाख ७२ हजार, अर्थात ५९.०७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २ करोड ४१ लाख ९५ हजार अर्थात २४.०७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२४८२३</td><td>२१६४९</td><td>६.४४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>८८३४९</td><td>६८७३८</td><td>२०.४५</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२२७४३०</td><td>१८२६५५</td><td>५४.३४</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१३३०६</td><td>७०६३</td><td>२.१०</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६२८९२</td><td>५६०४१</td><td>१६.६७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१८६०१</td><td>३३६१४७</td><td>१००.००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ५४.३४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.१० प्रतिशत रहेको छ ।

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१०००००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले रोजगार संयोजक, सुचना प्रविधि अधिकृत, रोजगार प्राविधिक, एम आई इस फिल्ड सहायक लगायत पदमा ६५ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ४७ लाख ८२ हजार ७ सय ५२ खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न रोजगार संयोजक रोजगार प्राविधिक एम आई इस फिल्ड सहायक लगायत पदमा १६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५० लाख ९३ हजार ८ सय ८० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन ।यसरी नियमावलीमा भएको व्यवस्था विपरीत कर्मचारी राखि खर्च लेखेको कार्य नियमसम्मत नदेखीएको रु | ५,०९३,८८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
लक्ष्य प्रगति<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>९</td><td>१</td><td>१</td><td>३</td><td>४</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>१५५</td><td>०</td><td>०</td><td>०</td><td>१५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>
स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
वडा सचिवको पदपूर्ति<br>
पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>६</td><td>६</td><td>५</td><td>१</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२९८ |
| मृत्युदर्ता | ११४ |
| बसाईसराई दर्ता | ७९ |
| विवाह दर्ता | २६२ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १ वटा नियमावली, २४ कार्यविधि लगायत ३२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३२ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २१ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको १७ गरी कुल ३७ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई २९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २२ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २४ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.६ लाख ९ हजार खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **महोत्सव तथा अन्य खर्च**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल रु.१ लाख ६० हजार उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ । | |
| २६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ५८ जनालाई रु.२ हजार देखि रु.५ हजार सम्म गरी रु.२ लाख ९० हजार आर्थिक सहायता वितरण गरेको पाईयो । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २७ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत**<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.११२००००।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.५२००२०।०० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवं सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | १ | ११२०००० | ५२००२० |
| **जम्मा** | | **१** | **११२००००** | **५२००२०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>अन्य कार्यालयको खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><table><tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr><tr><td>१</td><td>गाउँले बहुउदेश्यीय सहकारी संस्था</td><td>भवन निमार्ण</td><td>२००००००</td></tr><tr><td>२</td><td>मानव सेवा आश्रम</td><td>सामाजिक कार्यक्रम</td><td>१०००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>२१०००००</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>म्याद ननाघेको पेश्की<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ट्रस पुल निमार्ण कार्यक्रममा कुनाखोला सुर्खेत श्रीखेत ट्रसपुल निर्माण उपभोक्ता समितीलाई रु.४०१७८७।०० पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु.४०१७८७।०० र म्याद नाघेको अन्य पेश्की रु.१५८५०००।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फस्यौंट हुनु पर्ने रु
<table>
<tr><th>क्र स</th><th>व्यक्ति तथा फर्मको नाम ठेगाना</th><th>प्रयोजन</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>यमराज परियार</td><td>विविध खर्च</td><td>०</td><td>५०००</td></tr>
<tr><td>२</td><td>भिम बहादुर रोकाय</td><td>विविध खर्च</td><td>०</td><td>४००००</td></tr>
<tr><td>३</td><td>नेरामावि काडाघुवानी भवन निमार्ण उ स</td><td>भवन निमार्ण</td><td>०</td><td>९४००००</td></tr>
<tr><td>४</td><td>कुनाखोला सुर्खेत श्रीखेत ट्रसपुल निर्माण उ स</td><td>ट्रस पुल निमार्ण</td><td>४०१७८७</td><td>०</td></tr>
<tr><td>५</td><td>ध्रुव निमार्ण सेवा</td><td>ठाटीबजार पाईले चिउदुवा जाजरकोट सडक स्तरोन्नती</td><td>०</td><td>६०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४०१७८७</td><td>१५८५०००</td></tr>
</table></td><td>१,५८५,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३१७९५५०।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु. १७६७८९०.५५ अर्थात अनुमान भन्दा ४४.४० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५०००० | ६४३८३९ | २५७.५३ |
| घरजग्गा वहाल कर | १२५००० | ५०७२३ | ४०.५७ |
| व्यवसाय कर | ० | ० | ० |
| अन्य | २८०४००० | १०७३३२८ | ३८.२७ |
| **जम्मा** | **३१७९०००** | १७६७८९० | **५५.६१** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>

**आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 366200979 | 1767890.55 | 0.48 |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ६ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३५ | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.३४८५००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>पदाधिकारी अन्य सुविधाः<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी देहाय अनुसार योजना अनुगमनमा रु.२०७९०।००बढी भुक्तानी दिएको देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम (कर बाहेक)</th></tr>
<tr><td>३४९।२०७९।३।२४</td><td>योजना अनुगमन वापत गाउँ पालिका उपाध्यक्ष मनमाया आचार्यलाई भुक्तानी</td><td>१६८३०</td></tr>
<tr><td>३४५।२०७९।३।२४</td><td>योजना अनुगमन वापत गाउँ पालिका उपाध्यक्ष मिना कुमारी रोकायालाई भुक्तानी</td><td>३९६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०,७९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>२</td><td>३१</td><td>८५</td><td>२३</td><td>१४</td><td>१५५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ४२ लाख सम्मका जम्मा १५५ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका ३३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>ईन्धन खर्चको लगबुक नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको डोजरबाट सडक मर्मत कार्य गरेको भनी ईन्धन खर्च लेखेकोमा डोजर प्रयोगको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ ।<br><table><tr><th>गो भौ नं र मिति</th><th>प्रयोजन</th><th>ईन्धन</th><th>रकम</th></tr><tr><td>१३।०७८।७।१५</td><td>सडक मर्मत</td><td>४१३८ लि डिजेल</td><td>४६७५९४</td></tr><tr><td>१६५।२०७८।१२।२५</td><td>सडक मर्मत</td><td>वील नभएको</td><td>४१९५२०</td></tr></table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागिसोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br>(रु.हजारमा)<br><table><tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr><tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१४२५६०</td><td>०</td><td>०</td><td>२</td><td>२३५७</td><td>७</td><td>१४०२०३</td><td>०</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१००५०६८५२।०० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.१२१९६००।०० बजेटबाट खर्च गरेको छ ।<br>
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>४</td><td>१२१९६००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४</td><td>१२१९६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले तलव सम्बन्धी सफ्टवेयर खरिद गरी रु.३०००००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **बढी भुक्तानीः**<br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका तालिम सञ्चानल वापत पेश्की फर्स्यौट तथा भुक्तानीमा निम्न प्रशिक्षकहरुलाइ निर्देशिका विपरीत करकट्टी गरी रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १,५८५,००० |

| गो भौ नं मिति | कार्यक्रम | प्रशिक्षक को नाम | पेश भएको दिन र सेशन | भुक्तानी दिएको दर | भुक्तानी दिएको रु | भुक्तानी दिनुपर्ने दर तथा सेशन वापत रु | बढी भूक्तानी रकम रु | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|---|
| ३१३। ०७९।३। २० | गोविन्द खत्रीलाई पालिका स्तरीय महिलाहरुको उद्घोषण तालिम कार्यक्रम संचालन | गोविन्द खत्री लगायत ६ जना | ३ दिनको २६ सेशन | २००० | ५२००० | १६८०० (एक दिनमा ४ शेसन प्रति शेसन १४०० को दर हुनुपर्ने) | २९९२० (कर बाहेक) | २०७९ अषाढ १७ देखि १९ सम्म |
| ३१८। ०७९।३। २० | खड्क बहादुर चन्दलाई पालिका स्तरीय सहकारी तालिम कार्यक्रम संचालन | खड्क बहादुर चन्द लगायत ४ जना | ५ दिनको २५ सेशन | २००० | ५०००० | २८००० (एक दिनमा ४ शेसन प्रति शेसन १४०० को दर हुनुपर्ने) | १८७०० (कर बाहेक) | २०७९ अषाढ १३ देखि १७ सम्म |
| **जम्मा** | | | | | | | **४८६२०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विल भरपाईः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानी गर्दा संलग्न फाँटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु. | ४५१,३०० |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३६१।२०७९।३।२५ | विविध खर्च वापत पदम बहादुर जि सीलाई विना विल भरपाई भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १५०००० |
| ३०८।२०७९।३।१९ | भवनको छानाको पाता तथा सोलार क्षति को मर्मत खर्च वापत श्री जनता मा वि रानीवासलाई विना विल भरपाई भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ५१३०० |
| ३५१।२०७९।२।१२ | गर्भवती सुत्केरी उपाध्यक्ष कोशेली कार्यक्रम वापत गणेश वलीलाई विना विल भरपाई भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | २५०००० |
| **जम्मा** | | **४,५१,३००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">विद्यालयको नाम</th><th colspan="4">शिक्षक दरबन्दी</th><th colspan="4">पदपुर्ती</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>स्थायी</th><th>राहत</th><th>करार</th><th>नीजि स्रोत</th><th>स्थायी</th><th>राहत</th><th>करार</th><th>नीजि स्रोत</th></tr>
<tr><td>१</td><td>प्रा वि</td><td>६०</td><td>२५</td><td>१६</td><td>०</td><td>६०</td><td>२५</td><td>१३</td><td></td><td>३२४०</td></tr>
<tr><td>२</td><td>आ वि</td><td>१६</td><td>२</td><td>३</td><td>०</td><td>१६</td><td>२</td><td>२</td><td></td><td>१३३८</td></tr>
<tr><td>३</td><td>मा वि ९ र १०</td><td>७</td><td>८</td><td>0</td><td></td><td>७</td><td>८</td><td></td><td></td><td>८०४</td></tr>
<tr><td>४</td><td>मा वि ११/१२</td><td>२</td><td>२</td><td></td><td></td><td>२</td><td>२</td><td></td><td></td><td>४०२</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१२२४३०३३।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीत खर्च लेखेको कार्य नियमसम्मत नदेखिएको रु</td><td>१२,२४३,०३३</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>वढी निकाशाः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार छनोट भएका विद्यालयहरुलाई २ कोठे भवन अनुदान वापत रु १८ लाख निकाशा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले इन्द्रेणी मा वि गोगने लाई २ कोठे भवन निर्माण वापत रु १८ लाख मात्र अनुदान दिनुपर्नेमा सशर्त पूजीँगतको १५।२०७९।३।२१ बाट रु ६१८३९० र १८।२०७९।३।२५ बाट रु १२ लाख गरी रु १८१८३९० अनुदान भुक्तानी दिएकोले कार्यविधि भन्दा वढी भुक्तानी भएको रकम रु १८३९० सम्बन्धीत विद्यालयले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>१८,३९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५० | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ४ कृषि तथा पशुसेवा सहकारी संस्था र समीतिलाई बीउपूँजी तथा अनुदानमा रु. २०५०७३६ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ४७७२६७२।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **रकम फिर्ता गर्नुपर्नेः**<br>स्थानीय तहबाट प्राथमिक सूचना संकलन वापत रोजगार संयोजक राजन कोइरालालाई रु ३००००० भुक्तानी भएकोमा ११ जना स्वंयमसेवक गणकहरुको खातामा डाटा संकलन गरेवापत रु २३३७४०।८ मात्र बैक खातामा ट्रान्सफर गरेको छ ।खर्च नभई बाकी रहेको रकम रु ६६२५९।२ फिर्ता गरेको पाइएन । उक्त फिर्ता गर्न बाकी रकम सम्बन्धीत व्याक्तिले फिर्ता गर्नुपर्ने रु | ६६,२६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिक रु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अधि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा २८२ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु १४९४५०० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेतको अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनजरुरी देखिन्छ । | |
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८२ जनालाई रोजगारी उपलव्ध गराई रु.६५०८९८४।०० खर्च गरेको छ । लक्षित वर्गलाई ३८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी –<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३५९८५९।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>पान नं</th><th>भुक्तानी रकम</th><th>मु अ कर</th></tr>
<tr><td>१२।०७८।६।२२</td><td>मालिका मावि भवन निर्माण अन्तिमविल भुक्तानी</td><td>पि एस कन्स्ट्रक्सन जाजरकोट</td><td>३००३१००७२</td><td>३१२८००५।६३</td><td>३५९८५९</td></tr>
</table></td><td>३५९,८५९</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>गुणस्तर परीक्षण -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित बाहुनधारा काउले सडक स्तोरन्नती बापत निर्माण व्यावसायी ओम कन्स्ट्रक्सनले रु ९९१२०० का Heavy Zink Coated machine made wire ३५४ घ मि खरिद गर्दा उक्त साम्रगीको गुणस्तर परीक्षण नगरेको गुणस्तरण परीक्षण गरेको ल्याव टेस्ट प्रमाण पेश गर्नुपर्ने रु</td><td>९९१,२००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>लागत सहभागिता —<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराएको देखियो ।उपर्युक्त व्यहोरामा कार्यालयले हेभी मेशिन प्रयोग गर्ने स्वीकृती दिएको छ तर हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतीको कार्यमा मात्र मेशिन प्रयोगको स्वीकृती दिन सक्नेमा सबै उपभोक्तालाइ मेशीन प्रयोग गर्ने स्वीकृती दिनु नियमसम्मत होइन ।जसका केही उदाहरणहरु निम्नअनुसार रहेका छनः
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३०६।२०७९।३।२०</td><td>गलेमारे नाईडेरा चुदाराटोल सडक निर्माण उ स</td><td>६१३९९०</td><td>विष्णु लक्ष्मी गणेश सप्लायर्स</td><td>६१३९९०</td></tr>
<tr><td>२७०।२०७९।२।३१</td><td>वराहथान आरने सडक निर्माण उ स</td><td>६३५६०६</td><td>विष्णु लक्ष्मी गणेश सप्लायर्स</td><td>६३५६०६</td></tr>
<tr><td>२४७।२०७९।२।११</td><td>खोगे धनापानी सडक निर्माण उ स</td><td>४५९४९३</td><td>विष्णु लक्ष्मी गणेश सप्लायर्स</td><td>४६५६७५</td></tr>
<tr><td>२३४।२०७९।१।२२</td><td>कालेकुम्द पारीवन चुदाराटोल वडाचौर सडक निर्माण उ स</td><td>४७६४५०</td><td>लोक निर्माण सेवा</td><td>४७५०००</td></tr>
<tr><td>२२९।२०७९।१।२२</td><td>तुसारे खानेपानी गुरुङ्ग गाउँ गोगने सडक निर्माण उ स</td><td>७७६०००</td><td>महेश निर्माण सेवा</td><td>७६००००</td></tr>
<tr><td>१९३।२०७९।१।८</td><td>एम्टीडाडाँ पाखापानी सडक निर्माण उ स</td><td>५८२०००</td><td>महेश निर्माण सेवा</td><td>५७००००</td></tr>
</table>
नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>बढी भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गत धरम पोखरा ढाडखेत अवलचिङ सडकको पहिरो हटाउने कामका लागि स्काभेटर धनी भक्त बहादुर आरसी संग मिति २०७८।४।११ मा संझौता भएको पाईयो । संझौता अनुसार १२ घण्टाका लागि प्रति घण्टा रु.५०००।०० ले रु.६००००।०० भुक्तानी गर्ने सहमति भएकोमा सम्बन्धित स्काभेटर धनीले रकम माग गरेको मिति २०७८।६।११ को निवेदन अनुसार स्काभेटर ८ घण्टा प्रयोग भएको र ब्रेकर २ घण्टा प्रयोग भएको भनी रु.५२०००।०० माग गरेकोमा पालिकाबाट रु.६००००।०० भुक्तानी गरेको पाईयो । जसले गर्दा नियमानुसार वील भरपाईको परिक्षण नगरी भुक्तानी गरेको पाईयो । तसर्थ नियमानुसार भुक्तानी हुनुपर्ने रकम भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>८,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोगः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग भएको हेभि उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३१४।२०७९।३।२१ | दुधिला कोटकोटिला सडक निर्माण उ स | सडक निर्माण | ५४३९१८ | डोजर | ५३२७०५ |
| ३१३।२०७९।३।२१ | अवलघुवानी छोरीखेल्ने देखि डिम्र सडक स्तरोन्नती उ स | सडक निर्माण | १०७५५७३ | डोजर | १०५३३९८ |
| २९९।२०७९।३।१९ | गोगने चुत्रेनी सडक निर्माण उ स | सडक निर्माण | १०३७२१६ | डोजर | १०१५८३२ |
| २९०।२०७९।३।१४ | मावि पारिलेख कोट कालीखोला सडक निर्माण उ स | सडक निर्माण | १३५५०६९ | डोजर | १३२७१३० |
| २३६।२०७९।१।२२ | गलमारे हाडसैना वडासल्ला टुले सडक निर्माण उ स | सडक निर्माण | ४३५५६३ | डोजर | ४२६९७० |
| २१२।२०७९।१।९ | तल्लो काउले भदौरे सडक निर्माण उ स | सडक निर्माण | ४३३१९५ | डोजर | ४२३८७३ |
| २०८।२०७९।१।९ | गोकर्ण आवि पाखापानी निर्माण उ स | सडक निर्माण | ५९७१२४ | डोजर | ५८४८१३ |
| प्रदेश पूँजीगत | छहरेखोला पारिडाडा सल्लेरी पोखराडाडाँ सडक निर्माण | सडक निर्माण | ८८०७९७ | डोजर | ७०१६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १६।२०७९।३।२२ | योजना उ स | | | | | |
| | | | ६।२०७८।१२।२४ | मटेला पोखरी ठूली सरे भल्मा सडक निर्माण उ स | सडक निर्माण | ९५५६६८ | डोजर | ९३५९६४ | |
| ६२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति रकम कट्टी गरेको हो त्यसको स्पष्ट विवरण राखेको पाइएन। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | | | | | | |
| ६३ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | | | | | | |
| ६४ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | | | | | | |
| ६५ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष ४ जना कर्मचारीलाई प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको नियमसम्मत नदेखिएको रु. | | | | | | १३६,३८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>

**पारिश्रमिक कर छूटः**

आयकर ऐन, 2058 को दफा 8७ अनुसार रोजगार दाताबाट अनुसूचीमा भएको व्यवस्था बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>कर्मचारीको नाम</th><th>बार्षिक आय</th><th>कट्टा हुने रकम</th><th>कर योग्य आय</th><th>कर गणना</th><th>छुट पारिश्रमिक कर</th></tr>
<tr><td>दीर्घ बहादुर बुढा मगर</td><td>626988</td><td>450000</td><td>176988</td><td>100000*10%=10000<br>76988*20%=15397.6</td><td>25397.6</td></tr>
<tr><td>जनकबहादुर हमाल</td><td>531185.6</td><td>450000</td><td>81185.6</td><td>81185.6*10%=8118</td><td>8118</td></tr>
<tr><td>ईन्द्रप्रसाद अधिकारी</td><td>458759.2</td><td>450000</td><td>8759.2</td><td>8759.2*10%=875</td><td>875</td></tr>
<tr><td>ईश्वरिढकाल</td><td>507383.2</td><td>450000</td><td>57383.2</td><td>57383.2*10%=5738</td><td>5738</td></tr>
<tr><td>तुल्सीपुरी वन</td><td>507383.2</td><td>450000</td><td>57383.2</td><td>57383.2*10%=5738</td><td>5738</td></tr>
<tr><td>कृष्णबहादुर थापा</td><td>492432.6</td><td>450000</td><td>42432.6</td><td>42432.6*10%=4243</td><td>4243</td></tr>
<tr><td>टोपबहादुर राना</td><td>503870</td><td>450000</td><td>53870</td><td>53870*10%=5387</td><td>5387</td></tr>
<tr><td>लक्ष्मण विक्रम जिसी</td><td>यस आव ५३७२८४ र गत आव २७२९७९ गरी ८१०२६३</td><td>450000</td><td>360263</td><td>100000*10%=10000<br>2000000*20%=40000<br>60263*30%=18079</td><td>68079</td></tr>
</table>

</td><td>१२३,५७५.६</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**अधुरा आयोजना –**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.१२ करोड ९४ लाख २४ हजार का ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रमः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता रु ५०७२१९८४ वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाचँ वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।सो व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश भएको छैन। गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । रु.हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>६८२४६</td><td>०</td><td>६८२४६</td></tr>
</table>
अद्यावधिक वेरुजु - यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>६८२४६</td><td>००</td><td>२२७६२</td><td>००</td><td>९१००८</td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np